नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ललितपुर

मिति: २०७८/०४/२६

## कोभिड-१९ विरुद्ध सावधानी अपनाउने बारे अत्यन्त जरुरी सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण काठमाडौं उपत्यकामा पनि तीव्र रुपमा फैलन गइरहेको परिप्रेक्षलाई दृष्टिगोचर गरी सर्वसाधारण सबैलाई यसबाट जोगाउन यसको चेन ब्रेक गरी नियन्त्रणमा लिन निषेध आदेश जारी गर्नु परेको व्यहोरा सबैमा विदितै छ । निषेध आदेशका बाबजुद यो वा त्यो वहानामा भिडभाडका गतिविधि बढदै जाँदा विरामीको संख्या उल्लेख्य रुपमा बढ्न गई अस्पतालमा विरामीको अत्याधिक चाप परेको मात्र होइन अक्सिजन, भेन्टिलेटर, आईसियू, आकस्मिक सेवा उपर अधिक दवाव पर्न गएको कारण अत्यावश्यक सेवा वाहेक सार्वजनिक सवारी साधन आवागमनमा रोक लगाउनु परेको थियो । पछिल्लो समयमा संक्रमितको संख्या बढ्दै गईरहेको मात्र होइन जोखिमको दर बढ्न सक्ने विद्यमान तथ्याङ्कले स्पष्ट गरिसकेको छ ।

यस प्रकारको महामारीको जोखिमलाई तपाई हामी सबैको सार्थक साथ सहयोग समर्थन तथा एकताका माध्यमबाट परास्त गर्न जरुरी छ । संक्रमणको जोखिम उच्च रहेको अवस्थामा भिडभाडजन्य क्रियाकलाप गर्ने, सभा सम्मेलन धर्ना जुलुस गोष्ठी र्याली जस्ता गतिविधि गर्ने, तोकिएको स्वास्थ्य मापदण्डको परिपालना नगर्ने, मास्कको उचित प्रयोग नगर्ने, भौतिक दूरी पालना नगर्ने जस्ता हेलचेक्र्याइपूर्ण गतिविधि गर्दा वालवच्चा बुढाबुढी तथा अशक्त एवं कमजोर स्वास्थ्य भएका सर्वसाधारणलाई छिट्टै आक्रमण गरी जोखिमपूर्ण अवस्थामा पुर्याउन सक्ने हुदाँ आफू र सबैको आधारभूत स्वास्थ्य अधिकारको रक्षा गर्दै सबैको स्वास्थ्य अधिकारको सम्मान गर्दै स्वास्थ्य मापदण्ड विपरित हुने सबै खाले गतिविधि नगर्न नगराउन हुन सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दै जारी निषेधाज्ञा र निर्धारित स्वास्थ्य मापदण्डको उल्लघंन मानिने गतिविधि गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत जानकारी गराउदछु ।

प्रमुख जिल्ला अधिकारी

ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी